# याकूबको पुस्तकः येशूभक्तको निम्ति आचारसंहिता
# (Book of James: The Code of Conduct for the Devotees of Jesus Christ)


लेखक:

**क्लिन्टन वाहिलेन**

**(Clinton Wahlen)**

भावानुवादक

**भजुराम श्रेष्ठ**



सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

नेपाल सेक्सन

नेपाल

**यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:**
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग
प्रथम संस्करण : २०७१ (ई.सं. २०१४)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**
प्रुफरिडिङ्गः **सुमित्रा लामिछाने**

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशक:** पा. उमेश कुमार पोखरेल,
अध्यक्षः नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट चर्च ६६३७१८१,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com>
सम्पर्कः- पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्‌ध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्‌ध गरिएका छन्।

# भूमिका

## “परालको पत्र"?

**बाइबलमा धेरै यस्ता पुस्तकहरू छन् जुन बाइबलका धुरन्धर पण्डितहरूले गलतरूपमा वाख्या गरेको पाइन्छ। त्यसमध्ये राम्रोसँग नबुझ्ने पुस्तकहरूमा याकूबको पुस्तक शिर्षस्थानमा रहेको पाइन्छ। सन १५१९को सालतिर रोमन क्याथोलिक चर्चको भिझु भएको इसाई सुधारवादी मार्टिन लुथरको रोमन क्याथोलिक चर्चको शिक्षासँग असहमत भएकोले त्यसको बारेमा बहस गर्न जर्मनको लिपजिगमा सम्मेलनको आयोजना गरिएको थियो। त्यसबेला रोमन क्याथोलिक चर्चको धुरन्धर चिन्तक योहान इकले याकूबको पुस्तकलाई नै तेर्स्याएर “मुक्ति केवल येशूमा विश्वास गरेर मात्र पाइन्छ कामबाट होइन" भन्ने मार्टिन लुथरको दावीलाई चुनौती दिएका थिए। मुक्ति पाउन इसाई जीवनमा असल काम गर्नु अत्यन्त आवश्यक छ भनेर इकले जिकिर गरेका थिए।**

लुथरलाई दवाउन उक्त रोमन क्याथोलिक चर्चको विद्वानको तर्कको प्रत्युत्तर दिँदै उनले याकूबको पुस्तकको बारेमा आफ्नो धारणा स्पष्ट गरेका थिए। याकूबको पुस्तक लेख्न याकूबलाई प्रेरणा मिलेको थिएन भनेर लुथरले जिकिर गरे। कामद्वारा मुक्ति पाइन्छ वा परमेश्वरको सामु धर्मी ठहरिन्छ भनेर याकूबले सिकाएका विद्या पनि गलत थियो भनेर लुथरले जिकिर गरे। सन् १५२२मा उनले जर्मन भाषामा नयाँ करारको अनुवाद गरेका थिए। नयाँ नियमको अनुवादको भूमिकामा यूहन्ना, १ यूहन्ना, रोमीहरूको निम्ति लेखिएको पत्र, गलाती, एफिसी र १ पत्रुसको पत्र उनलाई मनपर्ने पुस्तकहरू हुन् भनेर उनले स्पष्टरूपमा लेखेका थिए। येशू र हामीहरूको आशिषको निम्ति चाहिने सबै थोक ती पुस्तकहरूले सिकाउने भएकोले ती पुस्तकहरू आफूलाई मनपरेको हो भनेर उनले व्यक्त गरेका थिए।

याकूबको पुस्तक अनुवाद गर्दा त्यसको भूमिकामा व्यक्त गरेका लुथरको धारणा अझ वढी नकारात्मक थियो। याकूबको पुस्तक परालको पत्र हो भनेर उनले उल्लेख गरेका थिए। याकूबको पुस्तकमा सुसमाचारको कुनै सन्देश छैन भनेर उनले दुखेसो पोखेका थिए। आधिकारिक पवित्र बाइबलबाट लुथरले उक्त पुस्तक कहिलै पनि हटाएनन्। पवित्र पुस्तकहरूको सूचीबाट भने उनले याकूबको पुस्तकलाई अलग राख्न उनले मनासिव ठानेका थिए।

पावलका पुस्तकहरू विशेष गरेर रोमी र गलातीको पुस्तकहरूको बारेमा व्यक्त गरेका आफ्नो रुची र याकूबको पुस्तकलाई अस्वीकार गर्ने उनको नीतिले सयौं वर्षहरूसम्म इसाई सोचमा गहिरो प्रभाव पारेका थिए।

याकूबको पत्र लेख्ने याकूब को थिए त? के उनी परम्परावादी थिए त? परमेश्वरको सामु केवल विश्वासद्वारामात्र धर्मी ठहरिन्छ भन्ने पावलको धारणासँग के उनी असहमत थिए त? असल काम वा सुकर्मले मात्र परमेश्वरको सामु धर्मी ठहरिन सकिन्छ वा पाप मोचन गर्न सकिन्छ भनेर याकूबले जिकिर गरेका थिए त? येशूले सिकाउनु भएका विभिन्न शिक्षादीक्षाहरूसँग अझ नजिकै नियालेर के याकूबले उपरोक्त विषयमा फरक व्याख्या मात्र गरेका हुन् त? विश्वासद्वारामात्र मुक्ति पाइन्छ भन्ने याकूबले बुझेको विषय वस्तुलाई अलिकति फरक ढङ्गले हेरेका थिए भनेर उक्त पुस्तकले स्पष्ट रूपमा बताएको पाउँछौं।

हुन त याकूबको बारेमा लुथरको असहमतीसँग उनकै समयमा रहेका बाइबलका सबै विद्वानहरूले सहमती जनाएका थिएनन्। ती मध्ये लुथरकै अत्यन्त घनिष्ट मित्र मलाकथन पनि थिए। पावल र याकूब आफ्ना धारणाहरूसँग सहमत थिए भनेर मेलाकथनले जिकिर गरेका थिए।

याकूब येशूको प्रतक्ष्यदर्शीमात्र थिएन तर उहाँको बारेमा व्यक्तिगत रूपमै जानपहिचान थियो। अझ भन्ने हो भने त्यसबेलाका इसाई पत्रहरूमा याकूबको पत्रनै सबभन्दा पुरानो इसाई लेखको उदाहरण हुनसक्छ। तुलनात्मक रूपमा हेर्दा विश्वासीहरूको निम्ति लेखेका अरू पत्र वा पुस्तकहरूमा येशूको शिक्षादीक्षासँग याकूब अत्यन्त नजिक भएको देखाउँछ। येशूले आफ्ना दृष्टान्त वा अर्तीकथाहरूमा खेतीपाती र आर्थिक जगतको बारेमा उल्लेख गर्नुभएको थियो। याकूबले पनि येशूले जस्तै खेतीपाती र धनसम्पत्तिको उदाहरणहरूलाई औंल्याउँदै येशूनीतिको बारेमा जनसमक्ष प्रस्तुत गरेका थिए। आत्मज्ञान तथा बुद्धि, प्रार्थना र विश्वास जस्ता महत्त्वपूर्ण विषय वस्तुहरूलाई पनि आफ्नो पत्रमा उनले छलफल गरेका थिए।

अरू विभिन्न आत्मज्ञानहरू सिकाउन याकूबको पत्रले विशेष स्थान ओगटेको पाइन्छ। प्रारम्भिक इसाई चर्चहरूले कस्ता कस्ता समस्या तथा संघर्षहरूको सामना गर्नुपरेको थियो भनेर याकूबले उल्लेख गरेर विश्वासीहरूको कमीकमजोरीको बारेमा हाम्रो आँखा खोलिदिएको पाउँछौं। आफ्नो भाऊ खोज्ने प्रवृत्ति, डाह ईष, धनसम्पत्तिप्रति लोभमोह जस्ता

येशूनीतिसँग मेल नखाने चरित्रले सुरूका इसाईहरूलाई पेलेको थियो। सामाजिक र परम्परा तथा सांस्कृतिक दवावले गर्दा धनी र गरिब इसाईहरूको बीचमा कचकच र फाटो भएको त्यस पुस्तकले खुलासा गरेको पाइन्छ। परमेश्वरबाट पाउने बुद्धिज्ञान र उहाँमा हुनुपर्ने आस्था तथा विश्वासलाई अरूले आक्रमण गर्दा इसाईहरूको बीचमा कस्तो अन्यौलता छाएको थियो भनेर उनको पत्रले बताउँछ। इसाई जगतमा घुसेका अनेकन् झुठा शिक्षाहरूप्रति याकूब रुष्ट भएको पाइन्छ।

येशूको दोस्रो आगमनप्रति याकूबले जनाएको अटल विश्वासले गर्दा सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति याकूबको पत्र अत्यन्त महत्त्वपूर्ण सावित भएको पाइन्छ। येशूको दोस्रो आगमनको बारेमा मात्र होइन, व्यवस्था अर्थात् दश आज्ञाहरू र परमेश्वरले गर्नुहुने न्यायको बारेमा पनि याकूबले महत्त्व दिएको हामी पाउँछौं। अगमवक्ता यलिया हाम्रो निम्ति अनुकरणीय उदाहरण हुनुहुन्छ भनेर याकूबले औंल्याएको हामी पाउँछौं। हामी सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति त्यो विशेष महत्त्वको विषय हो। येशूको दोस्रो आगमनको सन्देश सुनाएर अरूलाई तयार पार्ने जिम्मा हामीलाई सुम्पिएको छ भनेर हामीले दावी गरेको कारणले एलियाको बारेमा याकूबले उल्लेख गरेको कुरा सान्दर्भिक भएको हामी पाउँछौं।

केही हदमा भन्ने हो भने यस पुस्तकमा हामी सारा इसाई इतिहासलाई सिंहावलोकन गर्ने आँट गर्नेछौं। येशूको समयदेखी वर्तमान समयसम्म समिक्षा गर्दै इसाई जगतको यात्रा गर्नेछौं। यस पुस्तकमा इसाई जगतको सुरुवातमा गरेका केही प्रवचनहरू समावेश भएकोमात्र नभएर युगको अन्तसम्म औंल्याएका विशेश आत्मिक ज्ञानहरू पनि कोरिएको पाउँछौं।

बाइबलको शिक्षामा विशारद (पिएचडी) गर्नुभएको क्लिन्टन वाहलेन सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मुख्य कार्यालय जनरल कन्फरेन्समा बिबलिकल रिशर्च इन्स्टिटच्युटको सह-निर्देशक हुनुहुन्छ ।उहाँ नयाँ करारको बारेमा विशेषज्ञ हुनुहुन्छ। साथै उहाँ नयाँ करारसँग पुरानो करारमा उल्लेख गरिएका यहूदी धर्मको विश्वास र चलनचल्तीको सम्बन्धकोबारेमा पनि विशेष दखल भएको व्यक्ति हुनुहुन्छ। उहाँ अमेरिकन नागरिक हुनुहुन्छ। उहाँ रसिया, न्यु जिलान्ड, बेलायत र फिलिपिन्समा रहेर काम गर्नुभएको थियो। उहाँकी श्रीमती जिना आडभेन्टिस्ट मिशनमा काम गर्नुहुन्छ। उहाँहरूका दानियल नाउँ गरेको छोरा र हिदर नाउँ गरेकी छोरी छन्।

# विषयसूची


| अध्याय | पृष्ठ |
| --- | --- |
| १. प्रभु येशूका भाइ याकूब | १ |
| २. हामीहरूको आस्थालाई प्रतिविम्बित गर्नु | १७ |
| ३. परिक्षा तथा प्रलोभनको प्रतिरोध गर्नु | ३४ |
| ४. आँफू को हो भनेर पहिचान गर्नु... | ४८ |
| ५. प्रेम र दश आज्ञाहरू | ६३ |
| ६. विश्वास र काम | ७७ |
| ७.जिब्रोलाई सम्हाल्नु | ९३ |
| ८.स्वर्गको आत्मज्ञानले नम्र बनाउनु | १०७ |
| ९.व्यवस्था अर्थात् दश आज्ञा... | १२१ |
| १०. रुनु र चित्कार गर्नु | १३७ |
| ११. फसलको निम्ति तयार हुनु | १५३ |
| १२. प्रार्थना, निको पार्नु र पुनःस्थापन | १६७ |
| १३. अनन्तको सुसमाचार | १८१ |

## अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन – पौष १२, २०७१ (डिसेम्बर २७ २०१४)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज ११□१७ (सेप्टे २७□अक्टो ३) |
| २ | अध्याय २ | असोज १८□२४(अक्टो ४□१०) |
| ३ | अध्याय ३ | असोज २५□३१ (अक्टोबर ११□१७) |
| ४ | अध्याय ४ | कार्तिक १□७ (अक्टोबर १८□२४) |
| ५ | अध्याय ५ | कार्तिक ८□१४ (अक्टो २५□३१) |
| ६ | अध्याय ६ | कार्तिक १५□२१ (नभेम्बर १□७) |
| ७ | अध्याय ७ | कार्तिक २२□२८ (नभेम्बर ८□१४) |
| ८ | अध्याय ८ | कार्तिक २९□मङ्सिर ५(नभे १५□२१) |
| ९ | अध्याय ९ | मङ्सिर ६□१२(नभेम्बर २२□२८) |
| १० | अध्याय १० | मङ्सिर १३□१९ (नभे २९□डिसेम्बर ५) |
| ११ | अध्याय ११ | मङ्सिर २०□२६ (डिसेम्बर ६□१२) |
| १२ | अध्याय १२ | मङ्सिर २७□पौष ४(डिसे १३□१९) |
| १३ | अध्याय १३ | पौष ५□११(डिसेम्बर २०□२६) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| | अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | असोज ११-१७ (सेप्टे २७-अक्टो ३) | | | | | | | |
| २ | असोज १८-२४(अक्टो ४-१०) | | | | | | | |
| ३ | असोज २५□३१ (अक्टोबर ११□१७) | | | | | | | |
| ४ | कार्तिक १□७ (अक्टोबर १८□२४) | | | | | | | |
| ५ | कार्तिक ८□१४ (अक्टो २५□३१) | | | | | | | |
| ६ | कार्तिक १५□२१ (नभेम्बर १□७) | | | | | | | |
| ७ | कार्तिक २२□२८ (नभेम्बर ८□१४) | | | | | | | |
| ८ | कार्तिक २९□मङ्सिर ५(नभे १५□२१) | | | | | | | |
| ९ | मङ्सिर ६□१२(नभेम्बर २२□२८) | | | | | | | |
| १० | मङ्सिर १३□१९ (नभे २९□डिसेम्बर ५) | | | | | | | |
| ११ | मङ्सिर २०□२६ (डिसेम्बर ६□१२) | | | | | | | |
| १२ | मङ्सिर २७□पौष ४(डिसे १३□१९) | | | | | | | |
| १३ | पौष ५□११(डिसेम्बर २०□२६) | | | | | | | |